प्यूठान नगरपालिकाको तेस्रो नगर सभामा

नगर प्रमुख श्री अर्जुन कुमार कक्षपतीज्यूले प्रस्तुत गर्नु भएको

आर्थिक बर्ष २०७५/७६ को

# प्युठान नगरपालिकाको नीति तथा कार्यक्रम

## प्यूठान नगरपालिका

बिजुवार, प्यूठान

५ नं. प्रदेश, नेपाल

प्यूठान नगरपालिका

**नगर सभाका सदस्यज्यूहरु**

१. प्युठान नगरपालिका नेपाल सरकारको मिति २०७१ बैशाख २५ गतेको घोषणा बमोजिम स्थापना भएको र स्थानीय तहको पुर्नसंरचना भएपश्चात मिति २०७३ फागुन २६ गतेको नेपाल सरकारको राजपत्रमा प्रकाशित सूचना अनुसार साविक नगरपालिकाका ४, ६-१७, १९ नं. वडा र जुम्रीकाँडा, माझकोट गाविसहरु मिलाएर हालको १० वटा वडाहरु भएको प्युठान नगरपालिका गठन भएको हो । यस नगरपालिकाको क्षेत्रफल १२८.९६ वर्ग कि.मी. रहेको छ भने वि.सं. २०६८ सालको जनगणना अनुसार यस नगरपालिकाको जनसंख्या ३८,४४९ रहेको छ । यसको पुर्वमा झिमरुक गाउँपालिका, पश्चिममा स्वर्गद्वारी नगरपालिका र माण्डवी गाँउपालिका, उत्तरमा नौबहिनी गाँउपालिका र रोल्पा जिल्ला र दक्षिणमा मल्लरानी र माण्डवी गाँउपालिका पर्दछन् ।

२. यस गरिमामय तेस्रो नगर सभामा प्युठान नगर कार्यपालिकाको आर्थिक बर्ष २०७५।७६ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा खुसी लागेको छ । यस अवसरमा म नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रका लागि नेपाली जनताले पटक पटक गर्दै आएको ऐतिहासिक जनआन्दोलन, सशस्त्र आन्दोलन लगायतका आन्दोलनको स्मरण गर्न चाहन्छु । लोकतन्त्र स्थापनार्थ शहीदहरुले गर्नु भएको त्याग र बलिदानलाई उच्च सम्मान गर्दछु ।

३. नेपालको संविधानमा ब्यवस्था भए बमोजिम राज्य शक्तिको बाँडफाँड संघ, प्रदेश र स्थानीय तहमा भएको छ । आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रमहरु पूर्णरुपमा संघीय ढाँचामा तर्जुमा हुनेगरी संघ तथा प्रदेशबाट समानीकरण तथा सशर्त अनुदान र राजस्व बाँडफाँट तर्फको रकम नगरपालिकालाई प्राप्त भइसकेको छ ।

४. स्थानीय तहको निर्वाचन पश्चात्को एक वर्षको समीक्षा गरी जनताको अपेक्षा र आकांक्षाहरुलाई सम्बोधन गर्न उपलब्ध साधन स्रोतको अत्युत्तम उपयोग गरी सेवा प्रवाह तथा विकासका काम गर्ने अवसर तथा चुनौती हाम्रो सामु खडा भएको छ ।

५. प्युठान नगरपालिकाबाट सबै वडाहरुमा समानुपातिक रुपमा बजेट बाँडफाँट गरी बस्तीस्तरमा संकलन भएका आयोजना कार्यक्रमहरुलाई वडासभाले प्राथमीकिकरण गरे बमोजिम बजेटको ब्यवस्था गर्ने नीति लिइएको छ ।

६. प्युठान नगरपालिकालाई नेपाल सरकारबाट प्राप्त सशर्त अनुदान कार्यान्वयनका लागि नेपाल सरकारले दिएको मार्गदर्शन र मापदण्ड बमोजिम बाँडफाँड गरी बजेट तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन गरिनेछ ।

७. प्युठान नगरपालिकामा विषयगत कार्यालयबाट संचालन गरिने कार्यक्रमहरु अनिवार्य रुपमा नगरपालिकासँग समन्वय गरी संचालन गर्न लगाइने छ । साथै नगर क्षेत्रभित्र सञ्चालित गैर सरकारी

संघ संस्था, अन्तर्राष्ट्रिय विकास साझेदार संघसंस्थाहरुले सञ्चालन गर्ने कार्यक्रमहरुलाई दोहोरोपन नहुने गरी नगरपालिकाले आवश्यकता र प्राथमिकताको आधारमा आर्थिक, सामाजिक, पूर्वाधार तथा प्रवर्द्धनात्मक कार्यक्रममा एकद्वार प्रणालीमार्फत कार्यक्रम स्वीकृत तथा खर्च गर्न दिईनेछ । नगरपालिकाको स्वीकृती बिना कार्यक्रमहरु सञ्चालन गर्न दिईनेछैन ।

८. सम्वृद्ध प्युठान नगरपालिका निर्माणका लागि सार्वजनिक, निजी, सहकारी, गैर सरकारी तथा अन्तर्राष्ट्रिय विकास साझेदार संस्थाहरुको भूमिकालाई प्रभावकारी बनाईनेछ । नगरपालिकाको कार्यक्षेत्र भित्र रहेका सहकारी संस्थाहरुको नियमन र सहकारी क्षेत्रको विकासका लागि आवश्यक कार्यक्रमहरु नगरपालिकाबाटै संचालन गरिनेछ ।

**नगर सभाका सदस्यज्यूहरु**

९. प्युठान नगरपालिकाको आन्तरिक आयलाई बढाउने प्रयत्नलाई प्रभावकारी रुपमा अगाडि बढाईनेछ । एकीकृत सम्पति करलाई व्यवस्थित बनाई करको दायरा बढाउन करदाता शिक्षा अभियानलाई अगाडि बढाईनेछ । करदातामैत्री करप्रशासनको व्यवस्था गरी करलाई कर होइन सम्वृद्ध प्युठान बनाउने रहरको रुपमा स्वस्फूर्त कर तिर्ने वातावरण मिलाईनेछ । साथै, करदातामैत्री कर प्रशासनको सिद्धान्त बमोजिम घुम्ती शिविर तथा वडास्तरबाट कर संकलन गर्ने व्यवस्था गरिनेछ ।

१०. नगरपालिकाले प्रदान गर्ने सेवाहरुको गुणस्तर र सेवाग्राहीले सेवा प्राप्त गर्न लाग्ने समय र लागत कम गर्न वडाहरुको सेवाप्रवाह क्षमता अभिवृद्धि गर्न विशेष जोड दिईनेछ । साथै, एक वडा एक सामाजिक परिचालकको परिचालन गर्ने नीति लिइनेछ । पारदर्शिता र सदाचारको प्रवर्द्धन गरी भ्रष्टाचार विरुद्ध शुन्य सहनशीलताको नीति लिई सुशासन युक्त नगरपालिका बनाईनेछ ।

११. सार्वजनिक सेवाप्रवाहलाई गुणस्तरीय र प्रविधिमैत्री बनाउन विद्युतीय हाजिरी, नगर क्षेत्रमा सिसिटिभी जडान तथा सेवाप्रवाहमा सहजता कायम गर्न विद्युतीय सूचना पाटीको व्यवस्था गरिनेछ । नगरपालिकाको निर्माणाधीन प्रशासकीय भवन आगामी आर्थिक वर्षको पहिलो चौमासिक भित्रै निर्माण सम्पन्न गर्ने प्रवन्ध मिलाइनेछ । त्यसैगरी नगर प्रहरीको गठन गरी सुरक्षा व्यवस्थालाई थप प्रभावकारी बनाइनेछ । जनप्रतिनिधिहरु, नगर कार्यपालिकाका कर्मचारी तथा वडा कार्यालयमा कार्यरत कर्मचारीहरुको क्षमता अभिवृद्धिका कार्यक्रमहरु सञ्चालनमा ल्याईनेछ ।

१२. सार्वजनिक निर्माण कार्यलाई प्रभावकारी बनाउन र सोको दीगोपना सुनिश्चित गर्न जनताको सबैभन्दा निकट रहेका संयन्त्रहरु उपभोक्ता समिति तथा टोल विकास संस्थाको क्षमता अभिवृद्धि गरिनुका साथै ती समिति/संस्थामार्फ्त विकास कार्यक्रमहरु संचालन गर्ने नीति लिइनेछ ।

१३. सार्वजनिक विद्यालयहरु, क्याम्पसहरुको शैक्षिक गुणस्तरमा वृद्धि ल्याउन र पहुँच बढाउन जोड दिईनेछ । रोजगारमुलक प्राविधिक शिक्षालयहरु स्थापना गर्न पहल गरिए बमोजिम स्थापना भइसकेका

छन्, ती शिक्षालयहरुको सुदृढीकरणमा जोड दिइनेछ । सामुदायिक र संस्थागत विद्यालयहरुको पठनपाठन प्रणालीमा समेत सुधार गर्न शिक्षकहरुको क्षमता अभिवृद्धिसम्बन्धी कार्यक्रमहरु संचालन गरिनेछ । साथै, गरिब तथा जेहेन्दार विद्यार्थीका लागि प्रोत्साहन हुने कार्यक्रमहरु संचालन गरिनेछ ।

१४. विद्यालय क्षेत्र विकास कार्यक्रम अन्तरगत नमूना विद्यालय गुरुयोजना मार्फत् विद्यालयहरुको भौतिक पूर्वाधार विकास र सुदृढीकरणमा जोड दिइनेछ । आधारभूत तहदेखि क्रमशः विद्यालय शिक्षालाई अंग्रेजी माध्यमबाट पठनपाठन गर्ने बहुभाषिक नीति लागू गरिनेछ ।

१५. नगर क्षेत्रभित्रका अस्पताल, स्वास्थ्य केन्द्र र शहरी स्वास्थ्य केन्द्रहरुको जनशक्ति तथा प्राविधिक क्षमता बढाईनेछ । वैकल्पिक उपचार पद्धती आयुर्वेद अस्पताल स्थापनाको लागि पहल गरिनेछ । साथै, योग शिक्षालाई प्रत्येक वडामा सञ्चालन गरी योगलाई जीवन पद्दतीको अभिन्न अंगको रुपमा विकास गर्दै लगिनेछ ।

१६. नगर क्षेत्रको लागि भू-उपयोग नीति तर्जुमा गरी लागू गरिनेछ । सार्वजनिक जग्गाहरु यकिन गरी संरक्षणको नीति अवलम्बन गरिनेछ । नगरपालिकाको दीर्घकालीन हितलाई हेरी भू-उपयोग नीति नबन्दासम्म खेतीयोग्य जमीनमा प्लटिङ तथा अव्यवस्थित तवरले घर निर्माण गर्ने कार्यलाई निरुत्साहित गरिनेछ । शहरी विकासका क्रमवद्ध योजनाहरु तथा भवन निर्माण संहिता तयार गरी लागू गरिनेछ । भू-उपयोग नीतिबाट कृषि, बजार, औद्योगिक तथा कार्यालय क्षेत्रको वर्गीकरण गरी सडकले ओगट्ने क्षेत्र **(Right of Way)** को केन्द्रीय मापदण्ड भित्र पर्ने गरी शहरीकरणको विकास गरिनेछ ।

१७. प्यूठान नगरपालिकालाई स्मार्ट सिटि **(Smart City)** बनाउन नगरपालिकाको एकीकृत नगर विकास गुरुयोजना, एकीकृत यातायात विकास गुरुयोजना तर्जुमा गरी क्रमशः कार्यान्वयनमा ल्याइनेछ । नगर स्तरीय गौरवका आयोजनाहरुको पहिचान र छनौट गरी प्यूठान नगरलाई नमूना नगर बनाउन बजेटको निश्चित अंश पूर्वाधार विकासका कार्यक्रममा खर्च सुनिश्चित गर्ने गरी कार्यक्रमहरु संचालन गरिनेछ ।

१८. भौतिक पूर्वाधारहरुको स्तरोन्नति गरी बाह्रै महिना सडकमा सवारी साधन चल्ने बनाउन कार्यक्रमहरु सञ्चालन गरिनेछ । बजेट छरिने प्रवृत्तिलाई नियन्त्रण गर्न प्रतिवडा बढीमा ३ वटासम्म सडकलाई प्राथमिकीकरण गरी बजेट विनियोजन गरिनेछ । आम जनताहरुलाई प्रत्यक्ष लाभ पुग्नेगरी प्रतिवडा कम्तीमा १ सडकलाई श्रममूलक प्रविधिमा आधारित भई संचालन गर्ने नीति लिइनेछ । नयाँ सडकका पुर्वाधारहरुको निर्माण, खानेपानी प्रणालीहरुको निर्माण तथा मर्मत गरी एक घर एक धाराको नीतिलाई क्रमशः लागू गरिनेछ, साथै निश्चित अवधिका लागि एक वडा एक सरसफाई प्रज्वलकको व्यवस्था गरिनेछ। सिंचाई नहर तथा कुलो निर्माण तथा मर्मत सम्भारलाई जोड दिइनेछ ।

१८. नगरपालिका क्षेत्रमा सञ्चालन हुने हरेक विकासका कार्यक्रमहरु वातावरणमैत्री तथा हरियाली प्रवर्द्धन गर्ने खालका हुनेछन् । पूर्वाधार निर्माण सँगसँगै वायो ईञ्जिनियरिङलाई अनिवार्य गरिनेछ । नगरक्षेत्रमा सडक बत्तीको विस्तार गरिनेछ साथै सौर्य सडक बत्तीको कार्यक्रमलाई समेत निरन्तरता दिईनेछ । सडक पूर्वाधारहरुको निर्माण गर्दा दीगोपना तथा वातावरणीय पक्षलाई ध्यान दिईनेछ, त्यसको लागि मर्मत संभार कोषको व्यवस्थालाई निरन्तरता दिदै संचालन कार्यविधि तर्जुमा गरिनेछ ।

२०. नगरपालिका क्षेत्रभित्र निर्माण हुने सार्वजनिक तथा निजी संरचना निर्माण गर्न अनुमती दिँदा बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्ड, २०७२ मा भएको व्यवस्था बमोजिम स्वीकृती दिईनेछ । बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्ड, २०७२ भन्दा अगाडि बनेका घरहरुको अभिलेखीकरण गरिनेछ ।

**नगर सभाका सदस्यज्यूहरु**

२१. लघु उद्यमको प्रवर्द्धन तथा सीप विकास तालिम र लघु उद्यम विकास (मेड) मोडलका कार्यक्रमहरु सञ्चालन गरी स्वरोजगारी सिर्जना गरिनेछ । लघु उद्यमी पहिचान गरी लगानी गरिने र स्थापित लघु उद्यमीहरुलाई नै सहजकर्ताको रुपमा प्रयोग गरी नगरभित्र नयाँ उद्यमीहरु तयार गरिनेछ ।

२२. कृषिको आधुनिकीकरण, व्यावसायीकरण, यान्त्रिकीकरण र विविधीकरणमा जोड दिईनेछ । एक वडा एक उत्पादन र एक वडा एक पोखरी निर्माणको नीतिलाई क्रमशः लागू गरिनेछ । नगरक्षेत्रमा कृषि उपज संकलन तथा बिक्री गर्न पुर्वाधार साथै शीत भण्डारको स्थापना गर्न पहल गरिनेछ। कृषि उत्पादनमा सहकारी प्रणालीलाई व्यवस्थित गरी किसान र उपभोक्ताबीचको बिचौलियाहरुको तहगत संरचनालाई हटाईनेछ । साना किसान सिंचाई तथा प्लाष्टिक पोखरी निर्माणमा जोड दिइनेछ ।

२३. पशु व्यवसाय तर्फ व्यावसायिक पशुफार्म प्रवर्द्धन, नश्ल सुधार तथा पशु आहार स्रोतकेन्द्र विकासको नीति लिइनेछ । अण्डा तथा मासुमा आत्मनिर्भर हुने कार्यक्रमहरु सञ्चालन गरिनेछ । मत्स्य उत्पादन, बाख्रापालन, मौरीपालन तथा कुखुरापालन जस्ता क्षेत्रहरुको प्रवर्द्धनको नीति लिइनेछ । प्रत्येक वडामा तरकारी पकेट क्षेत्र स्थापना गरिनेछ ।

२४. प्युठान नगरपालिका क्षेत्रभित्रको वनलाई कडाइपूर्वक संरक्षण गरिनेछ । जैविक विविधताको संरक्षण गर्दै वृक्षारोपण गरी हरियाली प्रवर्द्धन गरी हरित नगर नीति लिइनेछ । श्रीखण्ड पकेट क्षेत्र निर्माण गरी श्रीखण्ड वनको बिस्तार गरिनेछ ।

२५. फोहोरको उत्पादनकर्ता नै फोहोर व्यवस्थापक हुनुपर्ने र प्रदुषक देय **(Polluters Pay)** को सर्वमान्य सिद्धान्त छ । फोहोरका उत्पादनकर्ताले कुहिने, नकुहिने र हानिकारक फोहोरलाई स्रोतमा वर्गीकरण गरी कुहिने फोहोर आफै व्यवस्थापन गर्ने, नकुहिने फोहोरलाई नगरपालिकाले तोकेको फोहोर संकलन स्थलबाट संकलन गरिनेछ । स्थानीय फोहोर संकलन समिति तथा टोल विकास संस्थासँग छलफल

गरी न्युनतम फोहोर संकलन शुल्क लगाईनेछ । फोहोरमैला व्यवस्थापनका लागि सार्वजनिक निजी साझेदारीको अवधारणा अवलम्वन गरिनेछ ।

२६. विपद् न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ मा उल्लेख गरिएको स्थानीय तहको भूमिकालाई समेत मध्यनजर गरी प्यूठान नगर विपद् न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी कानून यसै आर्थिक वर्षभित्र पारीत गरी सरोकारवालाहरु समेतको सहभागितामा वडा तथा नगरस्तरीय विपद् व्यवस्थापन समितिहरुको गठन गरिनेछ । आगामी चार बर्षभित्र प्युठान नगर क्षेत्रभित्र बग्ने नदी तथा खोलाले सार्वजनिक तथा निजी जग्गामा गर्ने कटान तथा डुवानको समस्यालाई हल गर्न नगरपालिका र सम्बद्ध निकायहरुको समन्वयमा रणनीति बनाई कटान डुवानको समस्यालाई व्यवस्थापन गरिनेछ । नगरपालिका तथा वडामा वातावरण संरक्षण र विपद व्यवस्थापन कोषको स्थापना गरिनेछ ।

२७. यस आर्थिक बर्षको प्रथम चौमासिकदेखि नै सामाजिक सुरक्षा तथा पञ्जीकरणलाई वडास्तरबाटै कम्प्यूटराईज्ड पद्धतिबाट प्रविष्टी गर्ने व्यवस्था मिलाइनेछ । सामाजिक सुरक्षाभत्ताको रकम लाभग्राहीको बैंकमा खाता खोली सोही खातामा रकम निकाशा गर्ने कार्यलाई निरन्तरता दिइने र थप प्रभावकारी बनाउने नीति लिइनेछ ।

२८. महिला, दलित, जनजाती, अल्पसंख्यक, बालबालिका, युवा, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति लक्षित गरी परिणाममुखी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२९. लैंगिक हिंसा न्युनीकरण, महिला सशक्तीकरण, मूलप्रवाहीकरण गर्ने तथा महिला विरुद्धका सबैप्रकारका भेदभाव अन्त्य गर्ने, स्वरोजगार सिर्जना गर्ने महिला लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछ । नगरक्षेत्रमा खरको छाना हटाउने अभियान अन्तरगत एकल महिलालाई विशेष प्राथमिकता दिइनेछ । साथै, महिला उद्यमशीलता विकासमा जोड दिइनेछ ।

३०. बाल श्रमको अन्त्य, बाल बिवाहको अन्त्य, जोखिममा परेका बालबालिकाहरुको पहिचान, बालमैत्री पूर्वाधारहरुको निर्माण, घर तथा विद्यालयमा बालबालिकामथि हुने हिंसा हटाउन प्रेरित गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ । साथै आगामी आर्थिक वर्षभित्रै नगरक्षेत्रको वडा नं. ८ समेत केही वडाहरुलाई बालमैत्री वडा घोषणा गरिनेछ र क्रमशः प्युठान नगरपालिकालाई बालमैत्री नगर घोषणा गर्न बालबालिकाको स्थिति प्रतिवेदन, आवधिक योजना र लगानी योजना तर्जुमा गरिनुका साथै बिशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

**नगर सभाका सदस्यज्यूहरु**

३१. ज्येष्ठ नागरिकहरुलाई वृद्धावस्थाको समयलाई सहज बनाउन दिवा सेवा केन्द्रको व्यवस्था क्रमशः मिलाउदै लगिनेछ । जेष्ठ नागरिकहरुलाई संरक्षण तथा सम्मान गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ । आफ्ना ज्येष्ठ नागरिक आमाबुबालाई त्याग्ने वा हेरचाह नगर्ने तथा बालबालिकाहरुलाई विद्यालयमा

भर्ना नगर्ने घरपरिवारलाई नगरपालिकाबाट हुने सेवाप्रवाहबाट बञ्चित गर्ने नीति लिइनेछ । ज्येष्ठ नागरिक सेवाकेन्द्र निर्माणका लागि आवश्यक सहयोग प्रदान गरिनेछ ।

३२. ६० वर्ष माथिका ज्येष्ठ नागरिकहरुका लागि निःशुल्क आँखा उपचार कार्यक्रमलाई निरन्तरता दिइएको छ । ज्येष्ठ नागरिकहरुलाई सूचना प्रविधिमा पहुँच स्थापना गरी सूचना प्रविधिले ल्याएका विभेदहरु (Digital Divides) न्यूनीकरणको नीति लिइनेछ । साथै, अन्तरपुस्ता सीप हस्तान्तरण सम्बन्धी कार्यक्रमहरु संचालन गरिनेछ ।

३३. दलित विरुद्धका सबै प्रकारका भेदभाव हटाउन दलित मानवअधिकार परामर्श तथा राहत कोष स्थापना र सो कोष संचालन गर्ने कार्यविधि तर्जुमा गरिनेछ । दलित अधिकार सम्बन्धमा प्रत्येक वडामा अभिमूखीकरण कार्यक्रम र वडा सञ्जालहरु गठन गरिनेछ  सीपमूलक र स्वरोजगार तालिम तथा प्रवर्द्धन गर्ने र कामको सम्मान हुने वातावरण सिर्जना गरी मूलप्रवाहीकरण गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

३४. आदिवासी जनजाती तथा अल्पसंख्यकहरुको संस्कृति, भेषभूषा र र परम्पराहरुको संरक्षण हुने तथा मौलिकता जर्गेना गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ । त्यसैगरी वडास्तसम्म नै आदिवासी जनजाति सञ्जाल गठन गर्ने तथा आदिवासी जनजातीको अधिकार सम्बन्धी सचेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ । आदिवासी जनजातीहरुलाई स्थलगत कृषि तालीम तथा अभिमूखीकरण कार्यक्रमहरु मार्फत् ब्यवसायिक बनाउने नीति लिइनेछ ।

३५. द्वन्दपीडित, शहीद परिवार, घाईते र अपाङ्गता भएका ब्यक्तिहरुलाई रोजगारी तथा स्वरोजगारीको बिशेष ब्यवस्था मिलाईनेछ । अपाङ्गता भएका ब्यक्तिहरुलाई लक्षित गरी लक्षित तथा प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।

३६. खेलक्षेत्रको प्रवर्द्धन गर्न खेलमैदान निर्माण तथा स्तरोन्नतीका लागि लगानी गरिनेछ । युवाहरुलाई लक्षित गरी दुर्व्यसन विरुद्ध सचेतनामूलक कार्यक्रम, युवा लक्षित खेलकुद कार्यक्रम, र लोक सेवा आयोगजस्ता प्रतिस्पर्धात्मक परीक्षा तयारी  कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

३७. नगर क्षेत्रभित्र रहेका ऐतिहासिक सम्पदाहरु पर्यटकीय महत्वका क्षेत्रहरु तथा साँस्कृतिक सम्पदाहरुको संरक्षण तथा प्रचारप्रसारको उचित ब्यवस्था मिलाईनेछ । मौलिक संस्कृती, परम्परागत मेला, सराँय नाचको संरक्षण र विकासमा जोड दिईनेछ । साहित्य, कला, संगीतको प्रवर्द्धन हुने कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

३८. प्युठान नगरपालिकालाई नमूना नगरको रुपमा विकास गर्न वडा नं. १ लाई बाल विवाह मुक्त नमुना वडा, वडा नं. २ लाई श्रीखण्डा वन नमुना वडा, वडा नं. ३ लाई सहकारी. नमुना वडा, वडा नं. ४ लाई तरकारी पकेट र प्लाष्टिकरहित वडा, वडा नं. ५ लाई बाख्रा पकेट क्षेत्र, वडा नं. ६ लाई पूर्ण

सरसफाईयुक्त वडा, वडा नं ७ लाई लैगिंक हिंसारहित वडा, वडा नं. ८ लाई एक घर एक धारा युक्त वडा, वडा नं. ९ लाई नमुना उद्योग वडा र वडा नं. १० लाई फलफुल पकेट वडाको रुपमा विकास गर्ने नीति लिइएको छ । साथै, आगामी ४ वर्ष भित्र प्यूठान नगरपालिकालाई खरको छाना मुक्त नगर बनाइनेछ ।

अन्त्यमा, उपरोक्त नीति तथा कार्यक्रम अनुसार यस नगरको बजेट तथा कार्यक्रमहरु तर्जुमा गरिनेछ । नगरपालिकाको नीति तथा कार्यक्रम तर्जुमाको क्रममा सल्लाह, सुझाव र सहयोग प्रदान गर्नुहुने राजनीतिक दल, संघसंस्थाहरु, सरोकारबाला निकाय, प्यूठान नगरबासीहरु, विषयगत कार्यालयहरु र नगर कार्यपालिकामा कार्यरत कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु । प्यूठान नगरपालिकाको यस नीति तथा कार्यक्रम कार्यान्वयनमा सम्पूर्ण नगरबासी, राजनीतिक दल, संघसंस्थाहरुको साथ र सहयोगको अपेक्षा गर्दै समृद्ध नगरपालिका निर्माणमा यो नीति तथा कार्यक्रमले दिशानिर्देश गर्ने विश्वास लिएको छु ।

**धन्यवाद!**

प्यूठान नगरपालिका